# बडिगाड गाउँपालिका

## पोषण मैत्री स्थानीय शासन कार्यक्रमको सूचकको आधारमा प्रतिवेदन स्थितिपत्र

### १. पृष्ठभूमि

पोषण मैत्री स्थानीय शासन कार्यक्रम बहुक्षेत्रीय समन्वयमार्फत कुपोषण न्यूनीकरण, स्वास्थ्य सुधार र दिगो विकास लक्ष्य हासिल गर्ने उद्देश्यले सञ्चालन गरिएको कार्यक्रम हो। यस कार्यक्रमले स्वास्थ्य, शिक्षा, महिला बालबालिका क्षेत्र, कृषि विकास क्षेत्र, पशुपंछी विकास क्षेत्र, खानेपानी तथा सरसफाई र शासकीय प्रवन्ध क्षेत्रमा रहेका सूचकहरूलाई आधार मानेर स्थानीय तहलाई पोषणमैत्री बनाउने लक्ष्य राखिएको छ।

### २. उद्देश्य

- स्थानीय तहको पोषण सम्बन्धी अवस्थाको विश्लेषण गर्नु
- कार्यान्वयन पूर्व र हालको अवस्थाको तुलना गर्नु
- सूचक आधारित उपलब्धि मापन गर्नु
- भावी सुधारका क्षेत्र पहिचान गर्नु

### ३. सूचक अनुसार अवस्था तुलना

### (क) स्वास्थ्य क्षेत्र

| सूचक नं. | सूचक | आ व २०७९/८० कार्यान्वयन पूर्व | हालको अवस्था | कैफियत |
|---|---|---|---|---|
| १ | गर्भवती महिलाहरुले कम्तीमा ८ पटक पूर्वप्रशुती जाँच गरेको प्रतिशत | २४% | ९०% | |
| २ | सुत्केरी आमाले कम्तीमा ४ पटक उत्तर प्रसुति जाँच गरेको प्रतिशत | ४८% | ९८% | |
| ३ | गर्भवती महिलाले गर्भ अवधि भर १८० चक्की आइरन र फोलिक एसिड खाएको प्रतिशत | ६२% | ९३% | |
| ४ | स्वास्थ्य संस्थामा सुत्केरी भएका महिलाहरुको प्रतिशत | ४४% | ५४% | अन्य संस्थामा गरी जम्मा ९२% |
| ५ | स्वास्थ्य संस्थामा जन्म भएका शिसु मध्ये १ घण्टा भित्रमा स्तनपान सुरु गर्ने शिसुको प्रतिशत | १००% | १००% | |
| ६ | ६-५९ महिनाका बालबालिकाहरुले वर्षमा २ पटक भिटामिन ए पाएको प्रतिशत | ८९% | १००% | |
| ७ | १२-५९ महिनाका बालबालिकाहरुले वर्षमा २ पटक जुकाको औषधि पाएको प्रतिशत | १००% | १००% | |
| ८ | २४ महिना सम्मका बालबालिकाले नियमित बृद्धि अनुगमन गरेको औसत पटक | १२ | २२ | |
| ९ | बृद्धि अनुगमनको लागि दर्ता भएका बालबालिका मध्ये जन्मे देखि ६ महिना सम्म पूर्ण स्तनपान गराएको प्रतिशत | ८१% | ९३% | |
| १० | बृद्धि अनुगमनको लागि दर्ता भएका बालबालिका मध्ये जन्मे देखि | ७६% | ९२% | |

| | | | | |
|---|---|---|---|---|
| | ६ महिना पश्चात स्तनपानका साथै समयमा नै थप खाना सुरुवात गरेको प्रतिशत | | | |
| ११ | बृद्धि अनुगमनका लागि दर्ता भएका बालबालिका मध्ये कम तौल भएका बालबालिकाको प्रतिशत | ०% | ०% | |
| १२ | कम तौल भएका शिसुको जन्मको प्रतिशत | ४% | २% | |
| १३ | पूर्ण खोपयुक्त स्वास्थ्य संस्था भएको | भएको | भएको | |
| १४ | पूर्ण मात्रामा १८० स्याचेट बालभिटा पाएका बालबालिकाको प्रतिशत | १% | ९१% | |
| १५ | बालबालिकालाई झाडा पखाला लागेको बेला जिङ्क चक्की र पुनर्जलिए झोल खुवाउने गरेको प्रतिशत | १००% | १००% | |
| १६ | २६ हप्ता सम्म आईरन चक्की फोलिक एसिड पाएका किसोरीको प्रतिशत | ०% | ९१% | |

**(ख) शिक्षा क्षेत्र:**

| सूचक नं. | सूचक | आ व २०७९/८० कार्यान्वयन पूर्व | हालको अवस्था | कैफियत |
|---|---|---|---|---|
| २.१ | चार वर्ष उमेर पुगेका बालबालिका मध्ये प्रारम्भिक बालबिकास कक्षामा भर्ना भएका बालबालिकाको प्रतिशत | १००% | १००% | |
| २.२ | प्रारम्भिक बालबिकास केन्द्रमा भएका सहजकर्ताहरु मध्ये पोषण सम्बन्धी अभिमुखीकरण/ तालिम प्राप्त गरेका सहजकर्ताहरुको प्रतिशत | ६०% | १००% | |
| २.३ | आधारभूत शिक्षा (कक्षा १देखि कक्षा ८ सम्म) पुरा गर्ने बालबालिकाको प्रतिशत | ८८% | १००% | |
| २.४ | स्थानीय तहले बनाएको स्थनीय पाठ्यक्रममा पोषण तथा बाल अधिकार सम्बन्धि विषय समावेश भएको | गरेको | गरेको | |
| २.५ | विद्यालय दिवा खाजामा स्थानीय स्तरमा उपलब्ध पोषणयुक्त खाद्यबस्तुको प्रयोग गर्ने विद्यालयको प्रतिशत | ८०% | १००% | |
| २.६ | विद्यालय ब्यबस्थापन समिति, अभिभावक, शिक्षक विद्यार्थी लगायत सरोकारवालाको सहभागितामा पोषण दिवस सप्ताह मनाउने विद्यालयको प्रतिशत | ०% | १००% | |

**(ग) महिला बालबालिका क्षेत्र:**

| सूचक नं | सूचक | आ व २०७९/८० कार्यान्वयन पूर्व | हालको अवस्था | कैफियत |
|---|---|---|---|---|
| ३.१ | न्यायिक समिति, प्रहरी, एकद्वार संकट ब्यबस्थापन केन्द्रमा दर्ता भएका लैङ्गिक हिंसाका घटना भध्ये फछ्यौंट भएका घटनाको प्रतिशत | १००% | १००% | |

| | | | | |
|---|---|---|---|---|
| ३.२ | महिनावारी हुँदा स्वास्थ्य र सुरक्षाको दृष्टीकोणले जोखिमयुक्त स्थानमा राख्ने घरधुरीको प्रतिशत | ०% | ०% | |
| ३.३ | २० वर्ष उमेर नपुग्दै बच्चा जन्माउने महिलाको संख्या | भएको | ०% | |
| ३.४ | सुनौलो हजार दिनका घरपरिवारका सासु/ बुहारी वा श्रीमान / श्रीमती बीच पोषण सम्बन्धी अनुशिक्षण भएका वडाको प्रतिशत | ०% | १००% | |
| ३.५ | वडामा गठन भएका युवा/ बालसञ्जालका सदस्यालाई पोषण सम्बन्धी अभिमुखिकरण गरिएको वडाको प्रतिशत | ०% | १००% | |

(घ) खानेपानी तथा सरसफाई क्षेत्रः

| सूचक नं | सूचक | आ व २०७९/८० कार्यान्वयन पूर्व | हालको अवस्था | कैफियत |
|---|---|---|---|---|
| ४.१ | आधारभूत खानेपानी सेवा उपलब्ध भएको घरधुरीको प्रतिशत | ९०% | १००% | |
| ४.२ | आधारभूत सरसफाई सेवा उपलब्ध भएको घरधुरीको प्रतिशत | ९०% | १००% | |
| ४.३ | शौचालय गए पछि, बालबालिकाको दिशा धोएपछि, खाना खानु अघि, बालबालिकालाई दुध खुवाउनु अघि, फोहोर चलाए पछि साबुनपानीले हात धुने परिपाटीको बिकास भएको घरधुरीको प्रतिशत | ८५% | १००% | |
| ४.४ | आधारभूत खानेपानी सेवा उपलब्ध भएका संस्थाको प्रतिशत | १००% | १००% | |
| ४.५ | आधारभूत सरसफाई सेवा उपलब्ध भएका संस्थाको प्रतिशत . | १००% | १००% | |

(ङ) कृषि विकास क्षेत्रः

| सूचक नं | सूचक | आ व २०७९/८० कार्यान्वयन पूर्व | हालको अवस्था | कैफियत |
|---|---|---|---|---|
| ५.१ | करेसाबारी भएका घरधुरी मध्ये सागसब्जी, तरकारी तथा फलफुल उत्पादन गरेका घरपरिवारको प्रतिशत | ५०% | ९१% | |
| ५.२ | अन्न, सागसब्जी, गेडागुडि, फलफुल लगायतका खानाको नियमिति उपभोग गर्ने घरधुरीको प्रतिशत | ५०% | ९२% | |
| ५.३ | स्थानीयस्तरमा पाईने रैथाने बाली प्रबर्द्धन सम्बन्धि कार्यक्रम संचालन गरेको | गरेको | गरेको | |
| ५.४ | खाद्य स्वच्छता र गुणस्तर परिक्षणको (Food hygiene and quality)बजार अनुगमन भएको पटक (वार्षिक) | ० | ३ | |

(च) पशुपंछी विकास क्षेत्रः

| सूचक नं | सूचक | आ व २०७९/८० कार्यान्वयन पूर्व | हालको अवस्था | कैफियत |
|---|---|---|---|---|
| ६.१ | व्यबस्थित पशुपन्छी पालन गरी उपभोग गर्ने कृषक परिवारको | ४०% | ८४% | |

| | | | | |
|---|---|---|---|---|
| | प्रतिशत | | | |
| ६.२ | दुधजन्य पदार्थहरु (दूध, दही, घिउ, पनीर, चिज), अन्डा तथा मासुजन्य (माछा/ मासु) नियमित उपभोग गर्ने घरपरिवारको प्रतिशत | ६५% | ८८% | |
| ६.३ | पशुजन्य खाद्य बस्तु (प्रति ब्याक्ति दुध ९१ लि., मासु १४ के.जी., अन्डा १५० वटा) उपलब्धता भएको परिवारको प्रतिशत | ६५% | ९३% | |

**(छ) शासकिय प्रबन्ध क्षेत्रः**

| सूचक नं | सूचक | आ व २०७९/८० कार्यान्वयन पूर्व | हालको अवस्था | कैफियत |
|---|---|---|---|---|
| ७.१ | गाउँपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठकको संख्या | २ | २ | |
| ७.२ | वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठकको संख्या | १ | २ | |
| ७.३ | स्थानीय तहको आवधिक योजना तथा वार्षिक कार्यक्रममा बहुक्षेत्रीय पोषण योजना अनुसारका कार्यक्रम समावेश | भएको | भएको | |
| ७.४ | गाउँपालिकाले अनुदान तथा आन्तरीक आयबाट पोषण कार्यक्रमका लागि बजेट बजेट विनियोजन गरेको | गरेको | गरेको | |
| ७.५ | पोषण सम्बन्धि कार्यक्रमको समन्वय र सहजिकरण गर्न बहुक्षेत्रीय पोषण योजनाले गरेको ब्यबस्था बमोजिमको सचिवालयको क्रियाशिलता | रहेको | रहेको | |
| ७.६ | स्थानीय तहको पोषण पार्श्वचित्र तयार गरी नियमित अद्यावधिक गरेको | नगरेको | गरेको | |
| ७.७ | स्थानीय तहमा पोषण कर्नरको स्थापना | भएको | भएको | |
| ७.८ | गाउँपालिकामा छुट्टै स्तनपान कक्षको ब्यबस्था | भएको | भएको | |
| ७.९ | स्थानीय बिपद ब्यबस्थापन योजनामा  विपद पुर्व र विपद पश्चात गरिने पोषण केन्द्रित पूर्व तयारीको योजना समाबेस | नभएको | भएको | |
| ७.१० | बाल पोषण भत्ता वितरणको समयमा  बालपोषणको महत्व र उच्तम् सदुपयोग सम्बन्धि सचेताना/अभिमुखीकरण पाउने अभिभावकको प्रतिशत | ०% | ९३% | |

**४. मुख्य उपलब्धिहरू**

- पोषण अवस्थाको सुधारसँगै ५ वर्ष मुनिका बालबालिकामा कुपोषण दरमा उल्लेखनीय कमी आएको।
- गर्भवती तथा सुत्केरी महिलाको स्वास्थ्य सेवा उपयोग उच्च दरमा पुगेको।
- पूर्ण खोप सुनिश्चितता भई बालबालिकामा खोप कभरेज लगभग १००% पुगेको।
- ६ महिनासम्म पूर्ण स्तनपान र २ वर्षसम्म पूरक आहार अभ्यासमा उल्लेखनीय वृद्धि भएको।
- आधारभूत खानेपानी सेवा सबै घरधुरीमा विस्तार भई १००% पहुँच सुनिश्चित भएको।

- सरसफाई सेवा (शौचालय प्रयोग, हात धुने बानी) मा सुधार भई क्षेत्र पूर्ण रूपमा खुला दिसामुक्त तथा पर्ण सरसफाई वडा घोषणा भएको।
- व्यक्तिगत तथा वातावरणीय सरसफाई व्यवहारमा सकारात्मक परिवर्तन आएको।
- घरधुरी स्तरमा पोषणयुक्त खाद्य उत्पादन (करेसाबारी, तरकारी, फलफूल) मा वृद्धि भएको।
- खाद्य सुरक्षा अवस्था सुधार भई वर्षैभरि खाद्य उपलब्धता सुनिश्चित भएको।
- कृषि तथा पशुपन्छी विकासमार्फत आयआर्जनका अवसरहरू विस्तार भएका।
- बालविवाह तथा किशोरी गर्भधारण दर घट्दै गएको।
- महिला तथा अभिभावकमा पोषण, सरसफाई र स्वास्थ्यसम्बन्धी जनचेतना उल्लेखनीय रूपमा वृद्धि भएको।
- बाल पोषण भत्ता तथा सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारी उपयोग भएको।
- विद्यालय तथा समुदायमा पोषण शिक्षा र व्यवहार परिवर्तन कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन भएको।
- बहुक्षेत्रीय समन्वय (स्वास्थ्य, कृषि, शिक्षा, खानेपानी, महिला बालबालिका) सुदृढ भएको।
- पोषण सम्बन्धी योजना निर्माण, बजेट विनियोजन र कार्यान्वयनमा स्थानीय तहको क्षमता वृद्धि भएको।
- पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति तथा सचिवालय सक्रिय भई नियमित अनुगमन तथा समीक्षा प्रणाली विकास भएको।
- समुदायको सहभागिता, स्वामित्व र उत्तरदायित्वमा वृद्धि भई कार्यक्रम दिगोपनाको आधार बलियो बनेको।

**५. चुनौतीहरू:**

- दुर्गम तथा भौगोलिक रूपमा कठिन रहेको।
- किशोरी, गर्भवती तथा सुत्केरी महिलामा पोषणसम्बन्धी व्यवहार परिवर्तन अपेक्षाअनुसार द्रुत हुन नसक्नु।
- सुरक्षित खानेपानीको दिगोपनामा चुनौती (मुहान संरक्षण, मर्मत सम्भार, जलवायु प्रभाव)।
- सबै घरधुरीमा वर्षैभरि खाद्य सुरक्षा सुनिश्चित गर्न कठिनाइ (गरिबी, आयको अभाव)।
- पोषणयुक्त खाद्य उत्पादनमा प्रविधि, सीप र स्रोतको कमी।
- बालविवाह तथा किशोरी गर्भधारण पूर्ण रूपमा नियन्त्रण हुन नसक्नु।
- बाल पोषण भत्ता तथा अन्य कार्यक्रमको पूर्ण सदुपयोग सबैमा सुनिश्चित हुन नसक्नु।
- नियमित अनुगमन तथा मूल्यांकन प्रणाली अझै सुदृढ गर्न आवश्यक।
- समुदायको केही वर्गमा कार्यक्रम प्रति न्यून सहभागिता तथा स्वामित्वको कमी।

**६. सुझावहरू:**

- किशोरी लक्षित पोषण कार्यक्रम विस्तार गर्ने
- नियमित अनुगमन तथा मूल्यांकन प्रणाली बलियो बनाउने
- स्थानीय स्तरमा पोषण बजेट थप वृद्धि गर्ने
- व्यवहार परिवर्तन अभियानलाई निरन्तरता दिने

**७. निष्कर्ष:**

पोषण मैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयन पश्चात् अधिकांश सूचकहरूमा उल्लेखनीय सुधार देखिएको छ। कार्यान्वयन पूर्वको कमजोर अवस्थाबाट हालको सुधारिएको अवस्था पुग्नु सकारात्मक उपलब्धि हो। तथापि, दिगोपनाका लागि निरन्तर प्रयास, सुदृढ व्यवस्थापन र समुदायको सक्रिय सहभागिता आवश्यक देखिन्छ।

बडिगाड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ग्वालिचौर, बागलुङ गण्डकी प्रदेश, नेपाल

कृष्ण प्रसाद ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत